# पोखरा महानगरपालिका र स्विसकन्ट्याक्टको Developing Inclusive and Green Opportunities (DIGO) परियोजनाको सहकार्यमा सञ्चालित Strategic Visitor Flow (SVF) विश्लेषण विधिबाट नीति निर्माणका लागि प्राप्त सुझाव तथा अन्तिम प्रतिवेदन







वैशाख २०८३

आर्थिक विकास महाशाखा,
पोखरा महानगरपालिका,
पोखरा, कास्की
गण्डकी प्रदेश, नेपाल।
फोन नं.: +९७७ ६१ ५७११०४,५७११०५
ईमेल: info@pokharamun.gov.np
वेभसाईट: https://pokharamun.gov.np/

**सहकार्य तथा प्राविधिक सहयोग:**

वैशाख २०८३

# कृतज्ञता

यस SVF विश्लेषण विधिबाट नीति निर्माणका लागि प्राप्त सुझाव तथा अन्तिम प्रतिवेदन तयार गर्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, सहकार्य र बहुमूल्य सुझाव प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछौं। विशेषगरी, सहभागीमूलक SVF प्रक्रियामा सक्रिय सहभागिता जनाई व्यवहारिक अनुभव, स्थानीय ज्ञान साझा गर्नुहुने पोखरा पर्यटन परिषद् (PTC), होटल संघ पोखरा नेपाल (HAPN), नेपाल ट्रेकिङ एजेन्सी संघ (TAAN), नेपाल टुर तथा ट्राभल एजेन्ट्स संघ (NATTA), राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC) अन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP), पर्यटन व्यवसायी महिला संघ नेपाल (TEWAN),महिला पर्यटन व्यवसायी मञ्च (WOTEF), रेष्टुराँ तथा बार संघ पोखरा नेपाल (REBAN), होटल व्यवसायीहरू, ट्रेकिङ एजेन्सीहरू, टुर अपरेटरहरू, पर्यटन गाइडहरू तथा साहसिक पर्यटनमा आबद्द व्यवसायीहरू सम्पूर्ण प्रति विशेष धन्यवाद व्यक्त गर्दछौं ।

उहाँहरूबाट प्राप्त सुझावहरूले SVF को सहभागी मूलक पद्धतिलाई अझ प्रभावकारी, सान्दर्भिक र प्रमाणमा आधारित बनाउन महत्वपूर्ण भूमिका खेलेको छ। यस प्रक्रियामार्फत प्राप्त सामूहिक धारणा तथा स्थानीय अनुभवलाई प्रमाणित तथ्य र सान्दर्भिक सुझावमा रूपान्तरण गर्न सम्भव भएको छ।

त्यसैगरी, सम्पूर्ण SVF सहजीकरण तथा समन्वय प्रक्रियामा निरन्तर सहयोग, सहकार्य र व्यवस्थापकीय समर्थन प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवालाहरु प्रति विशेष कृतज्ञता व्यक्त गर्दछौं। उहाँहरूको सक्रिय समन्वय र सहयोग बिना यस प्रक्रिया सफलतापूर्वक सम्पन्न हुन सम्भव थिएन।

यस प्रतिवेदन निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

# विषयसूची


कृतज्ञता ........ ३

संक्षिप्त शब्दावली ........ ५

कार्यकारी सारांश ........ ६

गन्तव्यको परिचय ........ ७

पोखरा महानगरपालिकाको पर्यटन विकाससम्बन्धी लक्ष्य र उद्देश्य (Vision) ........ ७

युनाइटेड कम्युनिटी नेपाल (UniCoN) को परिचय ........ ८

Developing Inclusive and Green Opportunities (DIGO) को परिचय ........ ८

Strategic Visitor Flow (SVF) कार्यविधि ........ ८

पोखरा महानगरपालिकामा SVF कार्यविधिः क्रियाकलाप तथा प्रमुख निष्कर्ष ........ १०

वातावरणीय प्रभाव मूल्याङ्कन (Tourism Impact Assessment) ........ ११

रणनीतिक सुझाव ........ १२

प्राथमिकतामा परेका भिजिटर फ्लो विशेष सुझावहरु ........ १५

अनुसूची १ ........ १७

अनुसूची २ : फोटोहरू ........ २०

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| ABC | Annapurna Base Camp |
| ACAP | Annapurna Conservation Area Project ( अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ) |
| DIGO | Developing Inclusive and Green Opportunities |
| HAPN | Hotel Association Nepal Pokhara ( होटल संघ पोखरा नेपाल ) |
| NATTA | Nepal Association Of Tour & Travel Agents ( नेपाल टुर तथा ट्राभल एजेन्ट्स संघ ) |
| NTB | Nepal Tourism Board |
| NTNC | National Trust for Nature Conservation ( राष्ट्रिय प्रकृति संरक्षण कोष ) |
| PTC | Pokhara Tourism Council ( पोखरा पर्यटन परिषद् ) |
| QGIS | Quantum Geographic Information System |
| QR | Quick Response |
| REBAN | Restaurant and Bar Association Pokhara ( रेष्टुराँ तथा बार संघ पोखरा नेपाल ) |
| SVF | Strategic Visitor Flow |
| TAAN | Trekking Agencies Association of Nepal ( नेपाल ट्रेकिङ एजेन्सी संघ ) |
| TEWAN | Tourism Entrepreneurs Women Association of Nepal ( पर्यटन व्यवसायी महिला संघ नेपाल ) |
| UniCoN | United Community Nepal |
| VIP | Very important person |
| WiFi | Wireless Fidelity |
| WOTEF | Women Tourism Entrepreneurs Forum (महिला पर्यटन व्यवसायी मञ्च) |

# कार्यकारी सारांश

यस प्रतिवेदनले पोखरा महानगरपालिका र Developing Inclusive and Green Opportunities (DIGO) परियोजनाको सहकार्यमा सञ्चालन गरिएको Strategic Visitor Flow (SVF) विश्लेषणका प्रमुख निष्कर्ष तथा रणनीतिक सुझावहरू प्रस्तुत गर्दछ। स्विट्जरल्याण्ड स्थित युनिभर्सिटी अफ सेन्ट गालेनका प्राध्यापक पिएत्रो बेरिटेलीद्वारा विकास गरिएको यस कार्यविधि स्विसकन्ट्याक्टले नेपालमा DIGO अन्तर्गत पहिलो पटक अनुकूलन गरी कार्यान्वयन गर्न थालिएको हो।

पोखरा पर्यटन परिषद् (PTC), होटल संघ पोखरा नेपाल (HAPN), नेपाल ट्रेकिङ एजेन्सी संघ (TAAN), नेपाल टुर तथा ट्राभल एजेन्ट्स संघ (NATTA), राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC) अन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP), पर्यटन व्यवसायी महिला संघ नेपाल (TEWAN),महिला पर्यटन व्यवसायी मञ्च (WOTEF), रेष्टुराँ तथा बार संघ पोखरा नेपाल (REBAN), होटल व्यवसायीहरू, ट्रेकिङ एजेन्सीहरू, टुर अपरेटरहरू, पर्यटन गाइडहरू तथा साहसिक पर्यटनमा आबद्ध व्यवसायीहरू तथा महानगरपालिकाका प्रतिनिधिहरूको सहभागितामा पोखरा महानगरपालिका भित्रका १९ वटा भिजिटर फ्लोहरूको नक्साङ्कन तथा विश्लेषण गरिएको थियो।

विश्लेषणबाट एसियाली पर्यटकका लागि बहुभाषिक सूचना तथा डिजिटल भुक्तानी प्रणालीको अभाव, फोहोर व्यवस्थापनको चुनौती, ट्रेकिङ लज तथा गाइड सेवाको गुणस्तर सुधारको आवश्यकता, ऐतिहासिक रूपमा महत्वपूर्ण भिजिटर फ्लोहरूमा आएको कमी तथा पदयात्रा क्षेत्रमा पूर्वाधार कमजोरी जस्ता प्रमुख समस्या पहिचान भएका छन्।

यस अध्ययनले तीन रणनीतिक क्षेत्रमा केन्द्रित सुझावहरू प्रस्तुत गरेको छः

१. गुणस्तर र मापदण्ड : टी-हाउस, गाइड सेवा तथा पर्यटन स्थल व्यवस्थापनको स्तर सुधार।
२. दिगो पर्यटक अनुभव : प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै समुदायमुखी पर्यटन विकास।
३. लक्षित बजार विकास : प्राथमिकतामा रहेका भिजिटर फ्लोहरूको लक्षित प्रचारप्रसार तथा पुनरुत्थान।

साथै विभिन्न प्राथमिक भिजिटर फ्लोहरूलाई लक्षित गरी विशिष्ट सुझावहरू पनि समावेश गरिएको छ। यी सुझावहरूले फरकफरक पर्यटक समूहको आवश्यकता, व्यवहार तथा अनुभवलाई आधार मानी थप प्रभावकारी, लक्षित र दिगो पर्यटन योजना विकास गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

प्रतिवेदन अन्तर्गत कम्तीमा एउटा प्राथमिकता प्राप्त सुझावलाई सोही वर्षभित्र लगानी योजनासहित कार्यान्वयनमा लैजाने लक्ष्य राखिएको छ। यस प्रक्रियामा पोखरा महानगरपालिकाको नेतृत्वमा DIGO परियोजनाले प्राविधिक सहयोग प्रदान गर्नेछ।

## गन्तव्यको परिचय

पोखरा नेपालको प्रमुख पर्यटन राजधानीका रूपमा परिचित शहर हो, जहाँ हिमालयको भव्यता र तालको शान्त सौन्दर्यको अनुपम संगम देख्न सकिन्छ। "तालहरूको शहर" का रूपमा परिचित पोखराले प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटनको अतुलनीय पहिचान निर्माण गर्दै आएको छ।

शहरमा अन्तर्राष्ट्रियस्तरका सुविधासम्पन्न होटलदेखि ताल किनारका आकर्षक लज तथा बजेट गेष्टहाउससम्म गरी १,२०० भन्दा बढी होटल सञ्चालनमा रहेका छन्, जसले स्वदेशी तथा विदेशी पर्यटकका विभिन्न वर्गलाई सेवा प्रदान गर्दै आइरहेका छन्। पोखरामा विलासी तथा मनोरञ्जनात्मक यात्रा गर्ने पर्यटक, साहसिक गतिविधिमा रुचि राख्ने आगन्तुक, पदयात्री तथा हिमाल आरोही, धार्मिक पर्यटक, योग तथा अरोग्यतामा सहभागी हुने आगन्तुक, साथै बजेट यात्रुहरूको उल्लेखनीय आगमन हुने गर्दछ। सन् २०२४ मा मात्र पोखराले करिब १४ लाख पर्यटकलाई स्वागत गरेको अनुमान छ।

पर्यटक अनुभवलाई प्रभावकारी र स्मरणीय बनाउन स्थानीय ट्राभल तथा टुर अपरेटरहरू र ट्रेकिङ एजेन्सीहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन्। यी संस्थाहरूले यस क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित पर्यटन अनुभवमा रूपान्तरण गरी आगन्तुकलाई अविस्मरणीय यात्राको अनुभव प्रदान गर्दै आइरहेका छन्। पोखरामा प्याराग्लाइडिङ, ट्रेकिङ, माउन्टेन बाइकिङ, डुंगा सयर, कायाकिङ, क्यानोइङ, अल्ट्रालाइट विमान उडान, जिपलाइन, रक क्लाइम्बिङ, र्‍याफ्टिङ तथा बन्जी जम्पजस्ता साहसिक गतिविधि सञ्चालन गर्ने विभिन्न कम्पनीहरू सक्रिय रूपमा कार्यरत छन्। स्थानीय तथा अन्तराष्ट्रिय पर्यटकहरूलाई नेपाली परम्परागत परिकारदेखि विविध अन्तराष्ट्रिय खानपानको अनुभव प्रदान गर्ने रेस्टुरेन्टले पनि पोखराको पर्यटनमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन्। यसका साथै, पोखरा नेपालका अत्यन्त पवित्र धार्मिक तीर्थस्थलमध्ये एक मुक्तिनाथ जाने प्रमुख प्रवेशद्वारका रूपमा पनि परिचित छ। पोखरा स्वयंमा पनि हिन्दु तथा बौद्ध धर्मावलम्बी दुवै समुदायका लागि आस्थाका केन्द्रका रूपमा मानिने अनेक धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन्।

## पोखरा महानगरपालिकाको पर्यटन विकाससम्बन्धी लक्ष्य र उद्देश्य (Vision)[1]

प्राकृतिक, सांस्कृतिक र वातावरणीय सम्पदाको संरक्षण गर्दै पोखरा महानगरपालिकाको पर्यटन आर्थिक विकासमा योगदान पुर्‍याउनु 'समुदाय-आधारित र प्रेरित दिगो सामाजिक।

## स्विसकन्ट्याक्टको परिचय

स्विसकन्ट्याक्ट सन् १९५९ मा स्विस निजी क्षेत्र तथा नागरिक समाजका प्रतिनिधिहरुद्वारा स्थापित एक स्वतन्त्र तथा गैर-नाफामूलक विकास संस्था हो । अल्प विकसित तथा विकासोन्मुख राष्ट्रका नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने उद्देश्य रहेको यस संस्थाले निजी क्षेत्र सँगको सहकार्यमा दिगो आर्थिक

[1] पोखरा महानगरपालिका, पर्यटन राजधानी पोखरा रणनीतिक कार्ययोजना २०८१।

विकासलाई प्रवर्द्धन गर्ने कार्य गर्दछ। संस्थाले मुख्य रुपमा व्यक्तिगत सीप तथा दक्षता विकासका साथै व्यवसायहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिँदै आएको छ ।

समाज कल्याण परिषद् अन्तर्गत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको रूपमा दर्ता भएको स्विसकन्ट्याक्ट नेपालमा सन् १९९१ देखि सञ्चालित छ र हाल नेपालका सातै प्रदेशमा ६ वटा विभिन्न परियोजना सञ्चालन गरिरहेको छ। ललितपुरमा प्रधान कार्यालय रहेको यस संस्थामा हाल १४५ भन्दा बढी कर्मचारीहरु कार्यरत छन् ।

## युनाइटेड कम्युनिटी नेपाल (UniCoN) को परिचय

DIGO परियोजना लाई सफलतापूर्वक अघि बढाउन हाल युनाइटेड कम्युनिटी नेपाल (UniCoN) संग सहकार्य गरिरहेको छ। युनाइटेड कम्युनिटी नेपाल(UniCoN) समाज कल्याण परिषद् अन्तर्गत गैरसरकारी संस्थाको रूपमा दर्ता भएको संस्था हो।

यस संस्थाको स्थापना सन् २०२० मा COVID-19 महामारीको समयमा युवाहरूको एक समूहद्वारा , सामाजिक सुरक्षाको अभाव तथा अल्पसंख्यक समूहहरूको आवश्यकताहरू सम्बोधन गर्न स्थापना गरिएको हो। यस संस्थाले मुख्य रूपमा नेपालको आर्थिक, सामाजिक,राजनीतिक, र सांस्कृतिक रूपमा सीमान्तकृत समुदायहरूसँग काम गर्दै आइरहेको छ।

### Developing Inclusive and Green Opportunities (DIGO) को परिचय

यस परियोजनाको मुख्य उद्देश्य गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा रोजगारी र आम्दानीको थप अवसरहरू सिर्जना गर्नुका साथै वातावरणमा सकारात्मक प्रभाव सिर्जना गर्नु हो। यो लक्ष्य हासिल गर्न पर्यटकीय गन्तव्य र पर्यटन व्यवसायहरूले प्रदान गर्ने सेवा-सुविधालाई दिगो बनाउनका लागि मार्गनिर्देश गर्ने योजना बनाएको छ। यसको लागि सरकारी तथा निजी सरोकारवालाहरूको क्षमता र सीप विकास गर्ने कार्यहरू गरिनेछ।

### Strategic Visitor Flow (SVF) कार्यविधि

DIGO ले सहभागिता मूलक Strategic Visitor Flow (SVF) कार्यविधि अवलम्बन गर्दै पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवालाहरूलाई एकै स्थानमा ल्याउने, खुला संवादलाई प्रोत्साहन गर्ने तथा पर्यटन मागको (demand) विस्तृत बुझाइ विकास गर्ने कार्य गर्दै आएको छ। पर्यटकहरूको आवागमन तथा गतिविधिको नक्साङ्कन र विश्लेषणमार्फत यस कार्यविधिले गन्तव्य क्षेत्रमा पर्यटकको सन्तुलित वितरण गर्न, पर्यटक अनुभवलाई थप गुणस्तरीय बनाउन, स्थानीय आर्थिक लाभ वृद्धि गर्न तथा अत्याधिक पर्यटक चाप रहेको पर्यटकीय स्थलमाथिको दबाब कम गर्न सहयोग पुऱ्याउँछ। तथ्यमा आधारित यस दृष्टिकोणले गन्तव्यको पर्यटन केन्द्रित योजना निर्माणलाई तथ्यांकमा आधारित बनाउँदै दिगो पर्यटन विकास योजना तथा रणनीति तर्जुमामा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

स्विट्जरल्याण्ड स्थित युनिभर्सिटी अफ सेन्ट गालेनका प्राध्यापक पिएत्रो बेरिटेलीद्वारा विकास गरिएको यस कार्यविधि स्विसकन्ट्याक्टले लाओस, कोसोभो, उत्तर म्यासेडोनिया, इन्डोनेसिया तथा कोलम्बिया लगायत विभिन्न

देशहरूमा प्रयोग गरिसकेको छ। नेपालमा भने यो कार्यविधि DIGO अन्तर्गत पहिलो पटक अनुकूलन गरी कार्यान्वयन गर्न थालिएको हो।

SVF कार्यविधिका मुख्य पक्षहरूमा सरोकारवालाहरुको उपस्थितिमा कार्यशाला सञ्चालन, भिजिटर फ्लोको नक्साङ्कन, प्रस्तुती तथा विश्लेषण, सार्वजनिक प्रस्तुति साथै पर्यटन रणनीति तथा कार्ययोजना निर्माणका लागि पर्यटकीय सरोकारवालाबाट प्रमाणीकरण भएका सुझावहरू तयार गर्ने कार्यहरू समावेश छन्।

DIGO ले सार्वजनिक तथा निजी क्षेत्रका सरोकारवालाको सहभागितामा SVF कार्यशालाहरू सञ्चालन गर्दछ। कार्यशालामा सहभागीहरूले संयुक्त रूपमा पर्यटकहरूको आवागमनको नक्साङ्कन गर्ने, प्रमुख आकर्षण, सेवा, चुनौती तथा सम्भावनाहरू पहिचान गर्ने, साथै "भिजिटर फ्लो म्यापिङ टुल[2]" प्रयोग गरी गन्तव्यको पर्यटन अवस्थाको विश्लेषण गर्ने कार्य गर्दछन्। यस सहभागिता मूलक प्रक्रियाले पर्यटन क्षेत्रसँग प्रत्यक्ष संलग्न सरोकारवालाको व्यावहारिक अनुभवहरू अध्ययन तथा विश्लेषणमा समावेश हुने सुनिश्चित गर्दछ।

तयार गरिएका भिजिटर फ्लो नक्साहरूलाई QGIS[3] प्रणालीमार्फत डिजिटल रूपमा रूपान्तरण गरिन्छ र "डेस्टिनोरामा[4]" नामक सार्वजनिक कार्यक्रममा प्रस्तुत गरी थप प्रमाणीकरण गरिन्छ। यस क्रममा संकलित सम्पूर्ण तथ्य तथा सुझावहरूलाई विश्लेषण प्रक्रियामा समावेश गरी गन्तव्यको दिगो पर्यटन विकासका लागि आवश्यक सुझावहरू तयार गरिन्छ।

सुझाव निर्माण प्रक्रिया मुख्यतः तीन चरणमा आधारित हुन्छ। पहिलो चरणमा आर्थिक, सामाजिक तथा दिगोपना सम्बन्धी विभिन्न मापदण्डका आधारमा भिजिटर फ्लोहरूको मूल्याङ्कन तथा प्राथमिकता निर्धारण गरिन्छ। दोस्रो चरणमा पर्यटन विकासका विषयगत क्षेत्र[5] अन्तर्गत सबै भिजिटर फ्लोहरूको विश्लेषण गरी साझा अवसर तथा चुनौतीहरू पहिचान गरिन्छ। तेस्रो चरणमा तयार गरिएका सुझावहरूलाई स्थानीय पर्यटन सरोकारवालासँग छलफल गरी प्रमाणीकरण गरिन्छ। सम्पूर्ण विश्लेषण, सुझाव निर्माण तथा प्रमाणीकरण प्रक्रिया पोखराको समग्र पर्यटन विकास योजना दृष्टिकोणअनुसार निर्देशित हुन्छ।

तयार गरिएका सुझावहरू मुख्यतः दुई प्रकारका हुन्छन्। पहिलो, समग्र गन्तव्य विकाससँग सम्बन्धित रणनीतिक सुझावहरु[6]; र दोस्रो, प्राथमिकतामा परेका भिजिटर फ्लोसँग सम्बन्धित लक्षित सुझावहरु[7]। यी सुझावहरु तथा नक्साङ्कित भिजिटर फ्लोहरूलाई स्थानीय तहको सहकार्यमा आयोजना गरिने प्रमाणीकरण कार्यशालामा प्रस्तुत गरिन्छ, जहाँ सरोकारवालाहरूले दिगो पर्यटन विकासका दृष्टिले तिनको सान्दर्भिकता र प्राथमिकताको मूल्याङ्कन Likert Scale मार्फत गर्दछन्। अन्ततः सबै निष्कर्ष तथा सुझावहरूलाई औपचारिक

---

[2] भिजिटर फ्लो म्यापिङ टुलमा नक्सा र तालिका हुन्छ ।

[3] QGIS (Quantum Geographic Information System) एक निःशुल्क तथा खुला-स्रोत भु-नक्सा सफ्टवेयर हो जसको माध्यमबाट स्थानिक तथ्याङ्कको सिर्जना, सम्पादन र म्यपिंग गर्न सकिन्छ। SVF कार्यपद्धतिमा यसको उपयोग भिजिटर फ्लोहरूको डिजिटल म्यपिंग र स्थानिक विश्लेषण का लागि गरिन्छ।

[4] डेस्टिनोरामा QGIS बाट म्यपिंग भएका कार्यशालाबाट प्राप्त भिजिटर फ्लोहरू सार्वजनिक स्थानमा प्रदर्शन गरेर सरोकारवाला समूहसमक्ष प्रस्तुत गरी थप प्रमाणीकरण गरिन्छ।

[5] पर्यटन विकासका विषयगत क्षेत्र अन्तर्गत पूर्वाधार विकास, स्थल व्यवस्थापन, गुणस्तर र मापदण्ड, बजार विकास, दिगो व्यवस्थापन आदि पर्दछन् ।

[6] रणनीतिक सुझावहरु भन्नाले पोखराको समग्र पर्यटन गन्तव्य विकाससँग सम्बन्धित पर्यटकीय सरोकारवालाहरु प्राप्त सुझाव पर्दछ ।

7 भिजिटर फ्लोसँग सम्बन्धित लक्षित सुझावहरु भन्नाले भिजिटर फ्लोहरूका लागि तयार गरिएका पर्यटकीय सरोकारवालाहरु प्राप्त विशिष्ट सुझावहरू पर्दछन् ।

प्रतिवेदनका रूपमा संकलन गरिन्छ, जसअन्तर्गत कम्तीमा एउटा सुझावलाई सोही वर्षभित्र लगानी योजनासहित कार्यान्वयनमा लैजाने व्यवस्था गरिन्छ।

## पोखरा महानगरपालिकामा SVF कार्यविधिः क्रियाकलाप तथा प्रमुख निष्कर्ष

पोखरा महानगरपालिकामा SVF कार्यविधिको कार्यान्वयन अभिमुखीकरण कार्यक्रमबाट सुरु गरिएको थियो। उक्त कार्यक्रममार्फत कार्यविधिबारे साझा बुझाइ विकास गर्नुका साथै स्थानीय सन्दर्भअनुसार SVF कार्यविधि अनुकूलन गरिएको थियो।

त्यस पश्चात् दुई वटा सहभागितामूलक SVF कार्यशाला सञ्चालन गरियो, जसमा होटल व्यवसायी, ट्राभल तथा ट्रेकिङ एजेन्सी, गाइड तथा स्थानीय सरकारका प्रतिनिधिसहित पर्यटन क्षेत्रका विविध सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यशालामा सहभागीहरूले संयुक्त रूपमा १९ वटा भिजिटर फ्लोहरूको नक्साङ्कन गर्दै प्रमुख पर्यटकीय आकर्षण, उपलब्ध सेवा, चुनौती तथा सम्भावनाहरूको पहिचान गरेका थिए।

कार्यशालामार्फत नक्साङ्कन गरिएका भिजिटर फ्लोहरूलाई पछि QGIS सफ्टवेयर प्रयोग गरी डिजिटल रूपमा रूपान्तरण गरिएको थियो, जसबाट पोखरा महानगरपालिका भित्रका पर्यटक आवागमनका स्पष्ट भौगोलिक दृश्यांकन तयार गरिएको थियो। यी डिजिटल नक्साहरूलाई "डेस्टिनोरामा" नामक सार्वजनिक प्रमाणीकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो, जहाँ थप विस्तृत सरोकारवालाहरूले कार्यशालाबाट प्राप्त निष्कर्ष तथा नक्साङ्कित भिजिटर फ्लोहरूको समीक्षा तथा प्रमाणीकरण गरेका थिए। विश्लेषण प्रक्रियामा भिजिटर फ्लोहहरूको तीन विभिन्न चरण तथा मापदण्डमा अध्ययन गरी निष्कर्षहरूलाई समेटेर समग्र गन्तव्य विकाससँग सम्बन्धित रणनीतिक सुझावहरू तथा प्राथमिकतामा परेका भिजिटर फ्लोसँग सम्बन्धित लक्षित सुझावहरू तयार गरिएको थियो।

समग्र विश्लेषणबाट विभिन्न महत्वपूर्ण निष्कर्षहरू प्राप्त भएका छन्। विशेषगरी एसियाली पर्यटक समूहहरूले गन्तव्यसम्बन्धी जानकारी प्राप्त गर्न बहुभाषिक सूचनाको अभावका कारण कठिनाइ भोगिरहेको देखिएको छ। प्रमुख पर्यटकीय स्थलहरूमा प्रभावकारी फोहोर व्यवस्थापनको अभावले पोखराको पर्यटन छविमा नकारात्मक असर पारिरहेको पाइएको छ। त्यसैगरी ऐतिहासिक रूपमा महत्वपूर्ण मानिएका केही भिजिटर फ्लोहरूमा समेत निरन्तर गिरावट देखिएकाले विशेष पुनरुत्थान कार्यक्रम आवश्यक रहेको निष्कर्ष प्राप्त भएको छ। मुख्य ट्रेकिङ मार्गहरूमा उपलब्ध टि हाउसको गुणस्तर उच्च खर्च गर्ने पर्यटकहरूको अपेक्षाअनुरुप नदेखिएको तथा गाइडको सेवा गुणस्तर अझै पनि समग्र पर्यटक अनुभव सुधारमा चुनौतीका रूपमा रहेको पाइएको छ।

तयार गरिएका यी सुझावहरू तथा नक्साङ्कित भिजिटर फ्लोहरूलाई पोखरा महानगरपालिकाको सहकार्यमा आयोजित प्रमाणीकरण कार्यशालामा प्रस्तुत गरिएको थियो। उक्त कार्यशालामा सहभागी सरोकारवालाहरूले दिगो पर्यटन विकासका दृष्टिले सुझावहरूको सान्दर्भिकता तथा प्राथमिकताको मूल्याङ्कन Likert Scale मार्फत गरेका थिए।

प्रमाणीकरण पश्चात् अन्तिम सुझावहरूलाई औपचारिक प्रतिवेदनका रूपमा संकलन गरिएको छ। साथै, तीमध्ये कम्तीमा एउटा सुझावलाई सोही वर्षभित्र कार्यान्वयनमा लैजान ठोस लगानी योजनासहित प्राथमिकताका साथ अघि बढाइने व्यवस्था गरिएको छ।




*Figure: पोखरा महानगरपालिकामा अपनाइएको कार्यविधि*

## वातावरणीय प्रभाव मूल्याङ्कन (Tourism Impact Assessment[8])

परियोजना अन्तर्गत पोखरा महानगरपालिका र मादी नगरपालिकाको स्थानीय वातावरणमा पर्यटनले पारेको प्रभाव अध्ययन गर्न "Environmental Impact Assessment" सम्बन्धी विस्तृत अध्ययन सञ्चालन गरिएको थियो। यस अध्ययनमा "Life Cycle Thinking[9] Approach" र "SVF कार्यविधि" लाई एकीकृत रूपमा प्रयोग गरिएको थियो, जसले पर्यटन गन्तव्यहरूमा पर्यटनको प्रभावलाई छिटो, व्यवस्थित र प्रभावकारी रूपमा विश्लेषण गर्न सहयोग पुऱ्यायो।

SVF विश्लेषणमार्फत पहिचान गरिएका गन्तव्य क्षेत्रका प्रमुख भिजिटर फ्लोहरू प्रयोग गरि अध्ययनको दायरा निर्धारण गरिएको थियो भने "Life Cycle" दृष्टिकोणमार्फत ती भिजिटर फ्लोहरुभित्र रहेका पर्यटकहरूको यात्राको सुरुदेखि अन्त्यसम्मको वातावरणीय प्रभावको विश्लेषण गरिएको थियो।

वातावरणीय प्रभाव मूल्याङ्कनबाट प्राप्त निष्कर्षहरू SVF कार्यविधिबाट प्राप्त निष्कर्षहरूसँग धेरै हदसम्म मेल खाने देखिएका छन्। फरक फरक विश्लेषणात्मक दृष्टिकोणबाट अध्ययन गरिएको भए पनि दुवैले गन्तव्यस्तरमा समान प्राथमिकताका विषयहरूलाई औंल्याएका छन्। दुवै अध्ययनले प्रमुख पर्यटकीय स्थलहरूमा प्रभावकारी

[8] Biome and Ecosystem Solutions Pvt. Ltd., Tourism Environmental Impact Assessment: Integrating Life Cycle Thinking and Cost-Benefit Analysis for Sustainable Transitions of Accommodation Enterprises - Pokhara Metropolitan City and Madi Rural Municipality (२०२५) । यो अध्ययन Swisscontact अन्तर्गतको DIGO परियोजनाको वित्तीय सहयोगमा सञ्चालित भएको हो।

[9] Life Cycle Thinking ले कुनै सेवा वा गतिविधिको वातावरणीय प्रभावलाई सुरुदेखि अन्त्यसम्मअर्थात् पर्यटकको यात्रा प्रारम्भदेखि गन्तव्य भ्रमण र अन्त्यसम्मको सम्पूर्ण प्रक्रियामा मूल्याङ्कन गर्दछ।

फोहोर व्यवस्थापनको आवश्यकता अत्यावश्यक रहेको निष्कर्ष निकालेका छन् साथै अव्यवस्थित फोहोरले पर्यटक अनुभवमा प्रत्यक्ष नकारात्मक असर पारिरहेको छ। अध्ययनअनुसार पोखरा महानगरपालिकामा पर्यटन गतिविधिबाट उत्पन्न हुने ठोस फोहोरमध्ये केवल ४५% मात्र ल्याण्डफिल सम्म पुग्ने गरेको छ भने बाँकी फोहोर उच्च पर्यटक चाप भएका क्षेत्रमा खुला रूपमा थुप्रिने गरेको पाइएको छ। त्यसैगरी, दुवै अध्ययनले प्रमुख ट्रेकिङ मार्गहरूमा रहेका टि हाउसको गुणस्तर सुधार गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। हालको अवस्था उच्च खर्च गर्ने पर्यटकहरूको अपेक्षाअनुसार नदेखिएकाले यसलाई पर्यटन विकासको संरचनागत कमजोरीका रूपमा पहिचान गरिएको छ। अध्ययनले विभिन्न पर्यटन वर्ग मध्ये एसियाली धार्मिक पर्यटक तथा स्वदेशी मनोरञ्जनको उद्देश्यले यात्रा गर्ने पर्यटकहरूबाट प्रतिव्यक्ति वातावरणीय प्रभाव बढी हुने देखाएको छ। त्यसैले यी पर्यटक समूहहरूको दिगो व्यवस्थापनलाई पर्यटन बजार विकास र वातावरण संरक्षण दुवै दृष्टिकोणबाट साझा प्राथमिकताका रूपमा लिनुपर्ने आवश्यकता औंल्याइएको छ।

## रणनीतिक सुझाव

यी सुझावहरू पोखरा महानगरपालिकाको समग्र पर्यटन लक्ष्य र उद्देश्यसँग मेल खाने गरी तीन क्षेत्र (Area) अन्तर्गत व्यवस्थित गरिएको छ।

| क्षेत्र १: गुणस्तर र मापदण्ड (Quality & Standards) | क्षेत्र २: दिगो पर्यटक अनुभव (Sustainable Experience) | क्षेत्र ३: लक्षित बजार विकास (Targeted Market Development) |
|---|---|---|
| पर्यटकको सन्तुष्टि तथा पुनःआगमनलाई प्राथमिकतामा राख्दै टि-हाउस, गाइड सेवा र पर्यटन स्थल व्यवस्थापनमा एकरूप तथा उच्चस्तरीय गुणस्तर कायम गर्ने, जसले स्थानीय आम्दानी वृद्धि र दिगो पर्यटन विकासमा सहयोग पुऱ्याउने। | प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण गर्दै, समुदायलाई अधिकतम लाभ पुग्ने गरी पर्यटक अनुभव तथा क्रियाकलापहरुको विकास र व्यवस्थापन गर्ने। | प्राथमिकतामा परेका भिजिटर फ्लोहरूलाई लक्षित प्रचार प्रसार मार्फत विस्तार गर्ने। |

| क्षेत्र (Area) | रणनीतिक सुझाव (Strategic Recommendation) | समन्वयकारी निकाय (Coordinating Authority) | समय (Timeline) |
|---|---|---|---|
| गुणस्तर र मापदण्ड (Quality & Standards) | **पर्यटन स्थलहरू व्यवस्थित रूपमा सञ्चालन गर्ने**<br>पोखरा महानगरपालिकाले सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गर्दै पर्यटकीय स्थलहरूमाप्रवेश शुल्क, स्थान विशेष अनुसार बढ्दो पर्यटकहरुको उचित व्यवस्थापन, सरसफाई व्यवस्थापन, पर्यटक सुरक्षा तथा सूचना प्रवाह जस्ता पक्षहरू समेटिने न्यूनतम सञ्चालन मापदण्डहरू निर्माण तथा कार्यान्वयन गर्नुपर्छ। साथै, यी मापदण्डहरूको नियमित पालना सुनिश्चित गर्न प्रभावकारी अनुगमन तथा अनुपालन प्रणाली स्थापना गर्न आवश्यक छ। | पोखरा पर्यटन परीषद (PTC), सम्बन्धित व्यवस्थापन समिति | मापदण्ड मस्यौदा: ६ महिना भित्र;<br>कार्यान्वयन: १ वर्ष भित्र |
| | **ट्रेकिङ लजहरूको न्यूनतम गुणस्तर मापदण्ड निर्धारण गर्ने**<br>पोखरा महानगरपालिकाले आफ्नो क्षेत्र भित्रका पदयात्रामा पर्ने लजहरूको लागि न्यूनतम गुणस्तर प्रमाणीकरण (certification) प्रणाली विकास गर्नुपर्छ, जसले सरसफाइ, तातो पानी सुविधा, WiFi सेवा, विद्युत् ब्याकअप, तथा फोहोर व्यवस्थापनजस्ता आधारभूत मापदण्डहरूलाई स्पष्ट रूपमा परिभाषित गर्नेछ। उक्त मापदण्ड पूरा गरेका प्रमाणित लजहरूलाई आधिकारिक मान्यता प्रदान गर्नुका साथै प्रवर्द्धन तथा बजारिकरणमा आवश्यक सहयोग उपलब्ध गराइनुपर्छ। साथै पोखरा महानगरपालिकाले अन्य स्थानीय निकायसंग समन्वय गर्दै पोखराबाट पदयात्रामा जाने पर्यटकहरूको लागि गुणस्तरीय लजहरूको सुविधा सुनिश्चित गर्नुपर्छ। | लज व्यवसायीहरु, ACAP र TAAN (संयुक्त नेतृत्व), गण्डकी प्रदेश पर्यटन मन्त्रालय, NTB | मस्यौदा: १ वर्ष भित्र;<br>पाइलट: अर्को ट्रेकिङ सिजन |
| | **पर्यटन तथा ट्रेकिङ गाइडका लागि आवश्यकता अनुसार रिफ्रेसर सीप विकास तालिम**<br>पोखरा महानगरपालिकाले सम्बन्धित निकायसंग समन्वय गर्दै लाइसेन्स प्राप्त पर्यटन गाइडहरूको लागि off-season मा रिफ्रेसर(refresher) सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्नुपर्छ। यस तालिमको सामग्रीलाई नियमित रूपमा सुधार गर्दै पर्यटक बजारका आवश्यकताहरू तथा दिगो पर्यटन अभ्यासहरू समेटिने गरी परिमार्जन गरिनुपर्छ। | TAAN, NATTA, NTB, तालिम सेवा प्रदायक | पाइलट: २०२६ अफसिजन;<br>पूर्ण कार्यान्वयन: २०२७ |

| | | | |
|---|---|---|---|
| दिगो पर्यटक अनुभव<br>Sustainable Experience | **प्रमुख पर्यटकीय स्थलहरूमा फोहोर व्यवस्थापन अभियान सञ्चालन**<br>पोखरा महानगरपालिकाले सम्बन्धित निकायसंग समन्वय गर्दै सबै प्रमुख पर्यटकीय स्थलहरूमा व्यवस्थित रूपमा सञ्चालन हुने गरी फोहोर वर्गीकरण सहितको आवश्यकता अनुसार डस्टबिन राखे तथा दैनिक रुपमा संकलित फोहोरको व्यवस्थापन गरिनु पर्दछ। साथै, पर्यटकहरूलाई लक्षित सचेतना अभियानहरू सञ्चालन गर्नुका साथै विद्यालय, कलेज तथा स्थानीय संस्थाहरूको सहभागितामा सामुदायिक स्वयंसेवी सरसफाइ कार्यक्रमलाई नियमित नागरिक कार्यक्रमका रूपमा संस्थागत गर्नुपर्छ। | टोल सुधार समिति, व्यवसायीहरु , वडा कार्यालय, पोखरा पर्यटन परिषद (PTC) | ५ उच्च संख्यामा पर्यटक आउने स्थल: ६ महिना भित्र;<br>सचेतना अभियान संस्थागत तथा सरसफाइ कार्यक्रम: १ वर्ष भित्र |
| | **प्रदेशस्तरीय स्थानीयसरकारबीचको समन्वयमा पर्यटन विकास गर्ने**<br>पोखरा महानगरपालिकाले सम्बन्धित स्थानीय निकाय (जस्तै गाउँपालिका, तथा अन्य जिल्ला) हरूसंग पर्यटनसम्बन्धी औपचारिक समन्वय गरी कार्य योजना स्थापना गर्ने। यसमा पर्यटन कार्ययोजना, पूर्वाधार लगानी, संयुक्त प्रवर्द्धन (joint marketing) तथा गुणस्तरीय मापदण्डहरूलाई एकरूपता प्रदान गर्दै समन्वयात्मक रूपमा अघि बढाउनुपर्छ। | गाउँपालिका, तथा अन्य जिल्ला (जस्तै मादी गाउँपालिका, अन्नपूर्ण, माछापुच्छ्रे, मुस्ताङ र म्याग्दी), गण्डकी प्रदेश पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड (NTB) | प्रारम्भिक बैठक: ६ महिना भित्र;<br>साझा घोषणा पत्र: बैठक पश्चात |
| लक्षित बजार विकास<br>Targeted Market Development | **बहुभाषिक QR सूचना प्रणाली विस्तार गर्ने**<br>पोखरा महानगरपालिकाले पोखरा पर्यटन परिषद (PTC) संग समन्वय गर्दै परिषदद्वारा सुरु गरिएको QR आधारित बहुभाषिक कथन (storytelling) कार्यक्रमलाई आधार मान्दै, एकीकृत बहुभाषिक सूचना प्रणाली विकास गरी यसलाई सबै प्रमुख पर्यटकीय स्थलहरूमा विस्तार गर्नुपर्छ। यसले विशेषगरी बढ्दै गरेका एसियाली तथा गैर-अंग्रेजी भाषी पर्यटक बजारलाई सूचना पहुँच र पर्यटक अनुभवलाई थप सहज र प्रभावकारी बनाउनेछ। | पर्यटन परिषद (PTC) र एतिहासिक तथा सम्बन्धित विज्ञहरु | ३-५ स्थल: ६ महिना भित्र;<br>पूर्ण विस्तार: त्यसपछि क्रमिक रूपमा |
| | **लक्षित बजार प्रवर्द्धन तथा घट्दो भिजिटर फ्लो (Visitor Flow) पुनरुत्थान अभियान सञ्चालन गर्ने**<br>पोखरा महानगरपालिकाले सम्बन्धित निकायहरुसंग समन्वय गर्दै पोखराको योग तथा आरोग्यता, धार्मिक तीर्थयात्रा, साहसिक पर्यटन तथा स्थानीय सांस्कृतिक सम्पदालाई मेला महोत्सवहरूको माध्यमबाट प्रवर्द्धन गर्दै high-value भएका पर्यटक समूहलाई आकर्षित गर्न अभियान सञ्चालन गर्नुपर्छ। | पाल पर्यटन बोर्ड (NTB), पोखरा पर्यटन परिषद(PTC), TAAN, NATTA, होटल संघसंस्था | रणनीति: ६ महिना भित्र;<br>पहिलो अभियान: १ वर्ष भित्र |

## प्राथमिकतामा परेका भिजिटर फ्लो विशेष सुझावहरु

तलको तालिकाले SVF प्राथमिकताको निष्कर्षका आधारमा पहिचान गरिएका पाँच प्रमुख भिजिटर फ्लोहरू प्रस्तुत गर्दछ। प्रत्येक भिजिटर फ्लोसँग सान्दर्भिकता र प्राथमिकताको आधारमा प्रस्तुत गरिएको छ।

| भिजिटर फ्लो (Visitor Flow) | विवरण (Description) | सुझाव (Recommendation) | समन्वयकारी निकाय (Coordinating Authority) | समय (Timeline) |
|---|---|---|---|---|
| एसियाली (चिनियाँ) समूह (५ जना)<br>पोखरा र वरपर हाइकिङ<br>अनुमानित बसाइः ३-५ दिन<br>खर्चः प्रति समूह प्रति दिन २५० डलर | चिनियाँ समूहमा आधारित हाइकिङ पोखराको सबैभन्दा बढी संख्यामा आउने र तीव्र गतिमा वृद्धि भइरहेको समूहमध्ये एक हो। तर, यस बजारको अपेक्षा अनुरुप हाल उपलब्ध पर्यटन सेवा तथा सुविधाहरूको गुणस्तर र डिजिटल भुक्तानी प्रणाली पर्याप्त रूपमा मेल नखाने अवस्था रहेको छ। | • प्रमुख पर्यटकीय स्थलहरूमा सबै सेवा प्रदायक तथा प्रवेश शुल्कलाई WeChat Pay लगायत उपयुक्त डिजिटल भुक्तानी प्रणालीमा अनिवार्य रूपमा आबद्ध गर्ने<br>• चिनियाँ भाषा जानेको गाइडसहित समूह हाइकिङ प्याकेज विकास गर्ने<br>• लक्षित चिनियाँ समूह केन्द्रित छुट्टै सामाजिक सञ्जाल मार्केटिङ अभियान सञ्चालन गर्ने<br>• पदयात्रा तथा हाइकिङ क्षेत्रमा पूर्वाधार विकासलाई प्राथमिकता दिँदै लज सुधार, फोहोर संकलन केन्द्र, ट्रेल मर्मत तथा मोबाइल सिग्नल बूस्टर जडानजस्ता कार्यहरू कार्यान्वयन गर्ने | • वित्तीय सेवाप्रदायक (डिजिटल भुक्तानी प्रणाली),<br>• टुर अपरेटर, ट्रेकिंग, TAAN, NATTA (प्याकेज विकास र गाइड प्रमाण)<br>• NTB (चिनियाँ मार्केटिङ)<br>• TAAN, ACAP (पूर्वाधार विकास) | • ५ उच्च-भीड स्थलमा WeChat Pay: ६ महिना भित्र;<br>• सबै स्थलः १ वर्ष भित्र<br>• अन्य कार्यहरुको आवश्यकता हेरी समयसीमा निर्धारण गर्ने |
| एसियाली (चिनियाँ) पर्यटक<br>पोखरा वरपर धार्मिक भ्रमण<br>अनुमानित बसाइः ३ दिन<br>खर्चः प्रति व्यक्ति प्रति दिन ने. रू. १०,००० | धार्मिक पर्यटनका लागि उच्च खर्च गर्ने तथा सांस्कृतिक रूपमा विशिष्ट चिनियाँ पर्यटक हो। विशेषगरी चिनियाँ बुकिङ प्लेटफर्महरूमा प्रचार प्रसार नहुनु र धार्मिक तथा सांस्कृतिक व्याख्या गर्न सक्षम गाइडहरू पर्याप्त नहुनुको कारण यो समूह पर्याप्तरूपमा सम्बोधन नभएको देखिन्छ। | • चिनियाँ प्रमुख बुकिङ प्लेटफर्महरू र मिडियामा पोखराको उपस्थिति तथा चिनियाँ पर्यटकले गर्न सक्ने क्रियाकालापहरू प्रवर्द्धन गर्ने<br>• बहुभाषिक QR storytelling कार्यक्रमलाई विस्तार गर्दै प्रमुख धार्मिक स्थलहरूमा चिनियाँ भाषामा समावेश गर्ने<br>• सबै भुक्तानी प्रणालीमा WeChat Pay तथा अन्य उपयुक्त डिजिटल प्रणाली एकीकृत गर्ने<br>• धार्मिक तथा संस्कृतिमा आधारित "Religious Tourism Guide Certification" मापदण्ड विकास गर्ने | • NTB (चिनियाँ मार्केटिङ)<br>• PTC (QR प्रणाली विस्तार)<br>• वित्तीय सेवाप्रदायक (डिजिटल भुक्तानी प्रणाली),<br>• NATTA र TAAN (धार्मिक पर्यटन गाइड Certification) | • प्रमुख धार्मिक स्थलहरूमा बहुभाषिक QR विस्तारः १२ महिना भित्र<br>• धार्मिक पर्यटन गाइड प्रशिक्षण प्रणालीः १ वर्ष भित्र<br>• अन्य कार्यहरुको आवश्यकता हेरी समयसीमा निर्धारण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| **एसियाली (जापानी) एकल पदयात्री**<br><br>पूनहिल / घोरेपानी ट्रेक<br>अनुमानित बसाइः ५ दिन<br>खर्चः प्रति व्यक्ति प्रति दिन ने. रू. १२,५०० | पूनहिल र घोरेपानीतर्फ जाने जापानी एकल ट्रेकर समूह पोखराको ऐतिहासिक रूपमा महत्वपूर्ण र उच्च मूल्यको पर्यटक समूह हो, तर पछिल्ला वर्षहरूमा यसमा उल्लेखनीय कमी देखिएको छ। | • ट्रेकिङ गेटवेका रूपमा चिनिने पोखरालाई जापान लक्षित बजार पुनरुत्थान (market recovery) अभियान डिजाइन तथा प्रवर्धन गर्ने<br>• बजार विस्तार तथा प्याकेज प्रवर्धन गर्न जापानी ट्राभल तथा ट्रेकिङ एजेन्सीसँग औपचारिक साझेदारी स्थापना गर्ने<br>• पूनहिल मार्गका प्रमुख लज तथा ट्रेलहेडहरूमा जापानी भाषामा सूचना सामग्री राख्ने<br>• लज सुधार, फोहोर व्यवस्थापन स्टेशन, ट्रेल मर्मत तथा सिग्नल बूस्टर विस्तारसहित अन्य ट्रेकिङ पूर्वाधारमा लगानी गर्ने | • NTB र PTC सँग समन्वयमा जापान बजार पुनरुत्थान अभियान<br>• NTB, NATTA र TAAN (जापानी टुर अपरेटर साझेदारी)<br>• PTC र सम्बन्धित संस्थाहरू (जापानी भाषामा सामग्री विकास तथा वितरण) | • जापानी पर्यटक पुनरुत्थान रणनीतिः ६ महिनाभित्र<br>• पहिलो प्रचार अभियानः ६ महिना भित्र<br>• जापानी टुर अपरेटरसँग सहकार्यः ६ महिना भित्र<br>• जापानी भाषाका सामग्री वितरणः १ वर्षभित्र |
| **एसियाली (चिनियाँ जोडी)**<br><br>घोरेपानी पूनहिल ट्रेक<br>अनुमानित बसाइः ७ दिन<br>खर्चः प्रति जोडी प्रति दिन १५० डलर | चिनियाँ जोडी ट्रेकिङ उच्च खर्च गर्ने पर्यटक हो, जसको माग सामान्य चिनियाँ ट्रेकिङ पर्यटकभन्दा फरक छ। यस समूहमा आराम, गोपनीयता (privacy) र रोमान्टिक अनुभवलाई विशेष प्राथमिकता दिइन्छ, तर हाल घोरेपानी-पूनहिल ट्रेक मार्गका लज तथा सेवा संरचनाहरू यी अपेक्षासँग पर्याप्त रूपमा मेल नखाने अवस्था छ। | • ACAP को दायरामा लज र लज संघसंस्था मिलेर यस वर्गका पर्यटकलाई चाहिने सेवा तथा सुविधाको विकास गर्ने<br>• यस वर्गका लक्षित प्याकेज डिजाइन गरी चिनियाँ डिजिटल बुकिङ प्लेटफर्महरूमा समावेश गर्ने | • लज, लज संघसंस्था, ACAP, TAAN (लज सुधार पहल, आफ्नो क्षेत्राधिकार बाहिर परेमा सम्बन्धित निकायहरूसंग समन्वय गर्ने)<br>• NTB, टुर अपरेटर (चिनियाँ मार्केटिङ र बुकिङ प्लेटफर्म) | • प्याकेज ढाँचाः ६ महिना भित्र |
| **एसियाली (कोरियाली) परिवार समूह (५ जना)**<br><br>पूनहिल ट्रेक<br>अनुमानित बसाइः ७ दिन खर्चः प्रति व्यक्ति प्रति दिन ~ ५५ डलर | कोरियाली परिवार समूह ट्रेकिङका लागि बढ्दो पर्यटक वर्ग हो। यसका लागि ठूलो समूह व्यवस्थापन, परिवारअनुकूल यात्रा तथा कुराकानीका लागि कोरियाली भाषा बोल्न जान्ने गाइडको आवश्यकता छ, जुन हालको गाइडको क्षमता र प्रवर्द्धन च्यानलहरूले पर्याप्त रूपमा पूरा गर्न सकेका छैनन्। | • ट्रेकिङ गाइड प्रशिक्षण तथा रिफ्रेसर तालिममा ठूलो समूह तथा परिवार व्यवस्थापन सम्बन्धी सीपलाई प्राथमिक रूपमा समावेश गर्ने<br>• कोरियाली ट्राभल प्लेटफर्म तथा टुर एजेन्सीसँग लक्षित पहुँचका लागि प्रवर्धन र साझेदारी स्थापना गर्ने<br>• कोरियाली भाषामा तयार गरिएका प्रवर्द्धन सामग्री तथा परिवार-केन्द्रित ट्रेकिङ प्याकेजहरू प्रमुख डिजिटल तथा व्यापारिक च्यानलहरूमा विकास र कार्यान्वयन गर्ने | • TAAN र तालिम सेवा प्रदायकसँग समन्वयमा)<br>• NTB र टुर अपरेटर (कोरियाली प्लेटफर्म तथा एजेन्सी पहुँच विस्तारका लागि) | • तालिम १ वर्ष भित्र<br>• कोरियाली प्लेटफर्म तथा एजेन्सी पहुँचः ६ महिना भित्र |

# अनुसूची १

### Visitor Flow Specific Recommendations

The following table provides visitor flow-specific recommendations for remaining 14 mapped visitor flows of Pokhara Metropolitan City.

| SVF Profile | Key Recommendations |
|---|---|
| Nepali High-end Leisure Traveller in & around Pokhara. 3 days. NPR 20K/person/day. | 1. Develop premium hotel product strategy: government policy framework for luxury tourism<br>2. Security and service standards for high-end hospitality<br>3. Upgrade public toilet facilities at lakeside, water sport, and leisure sites<br>4. Invest in well-managed transportation and proper road access for premium leisure visitors<br>5. Develop specific government policy supporting high-end service growth and investment<br>6. Water sports and leisure site investment |
| Nepali Family. Visit to Pokhara & Sikles. 4 days. NPR 6K/person/day. ~30 visitors/month. | 1. Develop family room product in both Pokhara hotels and Sikles homestays<br>2. Advance booking incentives to smooth seasonal overcrowding<br>3. Visitor flow management at Sikles during peak season; coordinated entry scheduling<br>4. Public-private waste collection coordination and management<br>5. Parking facility development around Pokhara; last-mile road maintenance Chiple-Sikles<br>6. Train accommodation staff in green and sustainable practices<br>7. Reliable power supply infrastructure investment<br>8. Promote local food, organic produce, festivals, and seasonal events; develop family packages<br>9. Traffic safety enforcement and strong police presence at touristic sites to prevent theft |
| South Asian (Indian) VIP Family. Religious, Leisure & Adventure. 4 days. ~NPR 65K total (~NPR 5,500/person/day). ~10 visitors/day. | 1. Position Pokhara as a luxury destination for Indian VIP families<br>2. Invest in staff training for VIP guest services<br>3. Develop premium serviced villa and resort product<br>4. Develop family-friendly adventure and leisure facilities: fun park, water sports park, and improved zoo facilities<br>5. Package multi-experience product: farm tour, heli tour, home stay, Begnas and Rupa Lake tour<br>6. Certify VIP experience operators<br>7. Government support for social media advertising<br>8. Bid for and host large international events to attract Indian VIP segment<br>9. Partner with top-tier Indian travel agencies |
| European (German) Solo Traveller. Short hikes in & around Pokhara. 3 days. USD 700-800 total (USD 233-266/day). | 1. Develop boutique lodge and premium hotel certification for high-spend urban hiker segment<br>2. Targeted promotion to German solo travellers through premium travel channels<br>3. Proper signage and information boards on short hike routes around Pokhara<br>4. Develop printed and digital trail maps<br>5. Build short hike guide ecosystem: develop half-day and full-day certified guide packages<br>6. Target German travel platforms and outdoor media with Pokhara as a hiking base positioning<br>7. Maintain trail waste, road, telecom, and safety investments consistent with other trekking flows |
| European (British) Solo Trekker. Trek to Mardi Himal. 4 days trek + 3 days in Pokhara. USD 85/person/day. | 1. Investment in trekking infrastructure<br>2. Signal coverage expansion on Mardi route<br>3. Coordinate Pokhara hotel stay with Mardi trek package<br>4. Target British adventure travel platforms<br>5. Position Mardi Himal as a less-crowded alternative trekking route |
| European (German) Trekker. Annapurna Base Camp. 7 days. USD 80/person/day. Starting from Pokhara. | 1. Lodge upgrade programme along ABC trail: standardise hygiene, heating, WiFi as minimum baseline; upgrade to star-rating scheme funded through trekking levy reinvestment<br>2. Manage Jhinu Hot Spring as a fee-based attraction with railings for proper safety<br>3. Trail waste stations; introduce porter incentive for waste carry-back; ban single-use plastics<br>4. Climate-resilient trail surfacing on erosion-prone sections; pre-monsoon and post-monsoon repair |

| | |
|---|---|
| | 5. Mandatory annual guide refresher training: first aid, English language, and safety protocols<br>6. Hybrid solar-battery systems for lodges; priority transmission line investment for last-mile power<br>7. Signal boosters along ABC trail<br>8. Feasibility study for affordable mountain rescue and trekking insurance partnership<br>9. Sustainable Annapurna targeted promotion campaign for eco-conscious European market |
| European (French) Traveller. Multi-route trekking: ABC, Poonhill, Mardi Himal. ~15 days. ~NPR 5K/person/day. Starting from Pokhara. | 1. Consistent quality standards across all three routes (ABC, Poonhill, Mardi): incentivise lodge upgrades beyond main trails<br>2. Trail investment beyond existing main routes: attract investors and maintenance funding for secondary and tertiary trail attractions<br>3. Integrated waste system spanning all three routes; cross-route waste collection coordination<br>4. Road and trail maintenance for Mardi Himal entry points; weather-resilient last-mile access<br>5. Advanced guide certification<br>6. Signal coverage expansion on all three trekking routes<br>7. Target European nature-loving market<br>8. Route-specific rescue readiness plans; pre-positioned emergency equipment |
| Indian Tourist. Religious and seasonal visit around Pokhara. 5 days. NPR 4K-5K/person/day. | 1. Leverage PTC QR storytelling initiative: Hindi-language content at all major religious sites<br>2. Implement professional daily cleaning and management of public toilet facilities at high-traffic religious sites<br>3. Waste management system for religious sites: community volunteer daily cleaning schedule<br>4. Introduce parking management infrastructure near religious sites with clear traffic flow signage for peak season<br>5. Ensure reliable backup power for Pokhara hotels<br>6. Combined religious tourism destination management framework |
| South Asian (Indian) Religious Tour. In & out of Pokhara via Muktinath. 2-5 days. ~NPR 5K/person/day. | 1. Ensure timely maintenance, cleanliness, and peaceful management of Muktinath and en-route religious properties<br>2. Develop waste management system for Muktinath and the route from Pokhara<br>3. Promote responsible visitor behaviour through information materials<br>4. Combined religious tourism destination management framework covering all Indian religious flow |
| International (USA, Utah) Student Group. Trek to Poonhill. 5 days. USD 150/person/day. | 1. Group lodge capacity: upgrades lodges to accommodate big groups; enforce hygiene and heating standards; develop advance group booking system<br>2. Trail diversification at Poonhill viewpoint to reduce crowding; develop educational interpretation boards for academic groups; deploy waste segregation points; mandatory sustainability protocols<br>3. Pre-monsoon road maintenance and safety signage; transport coordination for bus services<br>4. Mandatory guide certification including group management, first aid, and emergency preparedness; certify agencies specifically for educational group tourism<br>5. Solar backup systems for lodges; proper transmission line investment<br>6. Signal boosters and emergency communication system<br>7. Develop university partnership programme: campus outreach programme<br>8. Emergency response protocol for group trekking operators; subsidised rescue facility |
| Nepali Secondary Students. Group educational tour in & around Pokhara. 3-5 days. NPR 2.5K/person/day. | 1. Clear sign boards, information boards, and ticketing information at popular educational sites<br>2. Develop crowd management system for student group peak times<br>3. Coordinate school visit calendars across Gandaki Province to distribute seasonal overcrowding<br>4. Develop a student group pre-booking registry<br>5. Ensure reliable backup power<br>6. Coordination between schools, tourism authorities, and site managers |

| | |
|---|---|
| Nepali Secondary Students. Group educational tour in & around Pokhara. 3-5 days. NPR 2K/person/day. | 1. Seasonal overcrowding management<br>2. Quality road infrastructure and regular bus services for affordable school group transport<br>3. Reliable power supply |
| Western (American) Backpacker. Trekking to Mustang Region (final destination Lo Manthang). ~15 days. USD 50/person/day. Starting from Pokhara. | 1. Upgrade local lodges for comfort while preserving cultural authenticity: focus on heating, sanitation, and water quality<br>2. Develop proper site management plan: daily visitor limits at key heritage sites; coordinate with ACAP<br>3. Waste management protocol; community collection points<br>4. Road ambulance service; regular terrain-appropriate road maintenance<br>5. Mandatory cultural guide requirement<br>6. Altitude sickness response protocol; telemedicine connectivity at key lodges<br>7. Target US adventure travel media and platforms<br>8. Position Mustang as a 'last hidden kingdom' bucket-list destination |
| Nepali Gandaki Region University Students. Visit to Lwang Ghalel. ~1 night/1 day. NPR 3K/person/day. | 1. Develop Lwang Ghalel as a certified budget student destination: provide grants for basic dormitory upgrades and publish low-cost hospitality guidelines for host community<br>2. Create structured guided village walk packages with local storytellers; develop interpretation materials for cultural and natural assets; build public toilet facilities<br>3. Launch online booking platform for student group reservations; introduce QR payment systems<br>4. Ensure regular quality bus services to Lwang Ghalel; coordinate school group transport scheduling<br>5. Train host community in budget hospitality management<br>6. Direct promotional outreach to Gandaki Province universities and colleges<br>7. Develop teacher-friendly educational itinerary packs |

## अनुसूची २ : फोटोहरू






*` खरा महानगरपालिकामा SVF कार्यशाला*





*पोखरा महानगरपालिकामा डेस्टिनोरामा*





*पोखरा महानगरपालिकामा SVF सुझाव प्रमाणीकरण कार्यशाला*